नेपाल सरकार
# सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय
सिंहदरबार, काठमाण्डौं
(स्थानीय तह समन्वय शाखा)

पत्र संख्याः २०८२।०८३
चलानी नं. ४१२

मितिः २०८३।०१।१७
ने.सं. ११४६

विषयः सरकारी तथा सार्वजनिक जग्गाको संरक्षण गर्ने/गराउने सम्बन्धमा।

श्री गाउँपालिका (सबै),
श्री नगरपालिका (सबै)।

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को परिच्छेद-१३ मा भएको स्थानीय तहको सम्पत्तिको संरक्षण सम्बन्धी व्यवस्था अन्तर्गत ऐ. ऐनको दफा ९७ मा गाउँपालिका तथा नगरपालिका क्षेत्रभित्रको सम्पत्तीको संरक्षण सम्बन्धित गाउँपालिका, नगरपालिकाले गर्नुपर्ने व्यवस्था अवगतै छ । सो सम्बन्धमा नेपाल सरकार मन्त्रिपरिषद्को मिति २०८२।१२।१३ को एक सय बुँदे कार्ययोजनाको बुँदा नं. ९२ मा उल्लेख भएबमोजिम तहाँ गाउँपालिका, नगरपालिकाले सरकारी तथा सार्वजनिक जग्गाको संरक्षण गर्न/गराउन देहाय बमोजिम हुन यस मन्त्रालयको मिति २०८३।०१।१७ (सचिवस्तर) को निर्णयानुसार अनुरोध छ ।

देहायः

१. सम्बन्धित जिल्ला प्रशासन कार्यालयसँगको समन्वयमा गाउँपालिका/नगरपालिका क्षेत्रभित्र रहेका सरकारी तथा सार्वजनिक जग्गा अतिक्रमण गरी बसेका घरपरिवारमध्ये वास्तविक सुकुम्वासी पहिचान गर्ने।
२. पहिचान भएका वास्तविक सुकुम्वासीलाई तत्काल अन्यत्र व्यवस्थापन गर्ने योजना (सुरक्षित आवास, स्वस्थ खानपान, गोपनियताको संरक्षण, औषधोपचार तथा परामर्श, महिला तथा अपाङ्गतामैत्री आवास कक्ष, सुरक्षा प्रबन्ध लगायत) तयार गर्ने।
३. पहिचान भएका वास्तविक सुकुम्वासीलाई व्यवस्थापन गरिसकेपछि सम्बन्धित जग्गाको अतिक्रमण हटाउने क्रममा सुरक्षा व्यवस्था आवश्यक भएमा सम्बन्धित जिल्ला प्रशासन कार्यालयमा माग गर्ने।
४. आफ्नो गाउँपालिका/नगरपालिका क्षेत्रभित्रका सरकारी तथा सार्वजनिक जग्गाको संरक्षण गर्ने/गराउने सम्बन्धी अन्य आवश्यक कार्य गर्ने।
५. सरकारी तथा सार्वजनिक जग्गा अतिक्रमण नगरिदिन र जोखिम पूर्ण स्थानमा बसोबास नगर्न आम जनतालाई सुसूचित गराउने ।

१/१६

(दीपेश कट्टेल)
शाखा अधिकृत